

के तपाईको घर
पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing
ले गर्ने छ । १००% ग्यारेन्टीका साथ
समस्यको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रू. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २५ ❑ अङ्क ३२ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८० फागुन ३ गते बिहीबार ❑ 15 Feb. 2024 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-


## 'अर्थतन्त्रको विकासमा उद्योगी र व्यवसायीको योगदान महत्वपूर्ण'

**पोखरापत्र संवाददाता**
पोखरा, २ फागुन

मुलुकको अर्थतन्त्रको विकासमा उद्योगी, व्यवसायीको योगदान महत्वपूर्ण रहेकोमा सरोकारवालाले जोड दिएका छन् ।

पोखरा औद्योगिक क्षेत्र उद्योग सङ्घको बुधबार पोखरामा आयोजित २१औँ वार्षिक साधारणसभामा सहभागी सरोकारवालाले निजी क्षेत्र र सरकारको सहकार्यबाट मात्रै राष्ट्रको समृद्धि हासिल गर्न सकिने धारणा राख्नुभयो । पोखरा औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेडका अध्यक्ष बाबुराम पन्तले उद्योगी, व्यवसायी बिना राज्यको अर्थतन्त्र बलियो हुन नसक्ने बताउँदै उद्योगी, व्यवसायी सबल र सक्षम हुनुपर्नेमा जोड दिनुभयो । उद्योगी, व्यवसायी पूजनीय व्यक्ति भएको उल्लेख गर्दै उहाँले विविध घटनाक्रमले उनीहरूलाई असर गरिरहेको पनि समस्याका बीच पनि व्यवसायलाई थेगिरहेको बताउनुभयो । सम्पत्ति करको विषयलाई लिएर व्यवसायी मर्कामा परेको विषयमा आफू ज्ञात रहेको र यसका सम्बन्धमा पोखरा महानगरपालिका प्रमुखसँग छलफल गरिने बताउनुभयो ।

गण्डकी प्रदेशका उद्योग सचिव कुमानसिंह गुरुङले उद्योगीका समस्याबारे आफूहरू जानकार रहेको बताउँदै मन्त्रालयबाट 'रेफ्री'को काम हुनेमा ढुक्क हुन आग्रह गर्नुभयो । मन्त्रालयले सहजीकरण गर्ने बताउँदै उहाँले प्राप्त सुझावलाई कार्यान्वयनको चरणमा लैजान तत्पर रहेको बताउनुभयो ।

पोखरा उद्योग वाणिज्य सङ्घका अध्यक्ष पवन प्रजापतिले अहिलेको समयमा उद्योग सञ्चालन गर्न सजिलो नभएको बताउनुभयो । नेपाल औद्योगिक क्षेत्र उद्योग महासङ्घका अध्यक्ष रामहीरा पाठकले राज्यका निकायको व्यवहार उद्योगी तथा व्यवसायी अनुकुल नभएको प्रतिक्रिया दिनुभयो । सङ्घका अध्यक्ष रुद्रलाल श्रेष्ठको पहलमा २०३१ सालमा स्थापना भएको पोखरा औद्योगिक क्षेत्रमा हाल विभिन्न सङ्घ, संस्था गरेर ८२ वटा छन् । जसमा ७६ वटा उद्योगमध्ये ७४ वटा सञ्चालनमा रहेका र दुई बन्द भएको उहाँले बताउनुभयो । उहाँले औद्योगिक क्षेत्रमा तीन हजार जनाले रोजगारी पाएको समेत उल्लेख गर्नुभयो ।

सङ्घले क्षेत्रभित्र फोहर व्यवस्थापन, पक्की बाटो निर्माण, क्लिनिक तथा दिवा शिशु स्याहार केन्द्र सञ्चालन गरिएको जनाएको छ । कार्यक्रममा उद्योग परिसङ्घ गण्डकीका अध्यक्ष विनोद शर्मा न्यौपाने, सङ्घका महासचिव फणीन्द्र शर्मालगायतले सरकारको उद्योगमैत्री नीति आवश्यक भएको बताउनुभयो ।

यसैगरी साधारणसभा पूर्वसङ्घको सचिवालय भवनको शिलान्यास गरिएको थियो । शिलान्यास औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेडका अध्यक्ष बाबुराम पन्तले गर्नुभयो । सो भवन रु एक करोड ५० लाख लागतमा निर्माण हुने सो अवसरमा जानकारी गराइयो ।

## भद्रकाली माविको ७२ औं वार्षिकोत्सवमा नेपाल भारत मैत्री भवन उद्घाटन

**पोखरापत्र संवाददाता**
पोखरा, २ फागुन



भद्रकाली माध्यमिक विद्यालयको ७२ औं वार्षिकोत्सव, अभिभावक दिवस एवं नेपाल भारत मैत्री भवन उद्घाटन कार्यक्रम बुधबार भएको छ । विद्यालय परिसरमा आयोजित कार्यक्रमका बीच पोखरा महानगरपालिकाका मेयर धनराज आचार्य र नेपाल स्थित भारतीय राजदूतावास काठमाडौका नियोग उप-प्रमुख प्रसन्न श्रीवास्तवले नेपाल भारत मैत्री भवनको उद्घाटन गर्नुभयो । वि.स. २०६४ साल भाद्र १५ गते शिलान्यास भएको नेपाल भारत मैत्री भवन नेपाल स्थित भारतीय दूतावासको रु १ एक करोड ब्यानब्बे लाख बयासी हजार पाँच सय एकचालीस रुपैया अनुदान सहयोग लागतमा वि.स. २०६५ चैत्रमा भवन निर्माण सम्पन्न भएको थियो ।

पोखराका मेयर आचार्यले पछिल्लो समय सामुदायिक र सरकारी विद्यालयमा विद्यार्थीको आकर्षण बढिरहेको भन्दै शैक्षिक गुणस्तरसँगै भौतिक पूर्वाधार विकासमा महानगरपालिका लागिरहेको बताउनु भयो। नेपालको शैक्षिक विकासका क्षेत्रमा भारत सरकारको सहयोग निरन्तर रहेको भन्दै आगामी दिनमा समेत यसले निरन्तरता पाइरहने विश्वास व्यक्त गर्नुभयो । भद्रकाली विद्यालयले समग्र शिक्षा क्षेत्रमा पुर्‍याएको योगदानको कदर गर्दै उनले आगामि दिनमा व्यावहारिक शिक्षालाई अझै जोड दिएर अगाडि बढ्न उहाँले सुझाव दिनुभयो । नेपालस्थित भारतीय राजदूतावासका नियोग उप-प्रमुख प्रसन्न श्रीवास्तवले पोखरामा आफूले पाएको स्वागतप्रति धन्यवाद् व्यक्त गर्दै गण्डकी प्रदेशका ५९ र कास्कीका ११ परियोजनाहरुमा भारत सरकारको सहयोग रहेको बताउनु भयो । नेपालको समग्र विकासमा भारतको सहयोग निरन्तर रहने उनले प्रतिबद्धता जनाउनु भयो । कार्यक्रममा विद्यालयको भौतिक र शैक्षिक विकासमा योगदान पुर्‍याउने भूतपूर्व विद्यालय व्यवस्थापन समितिका अध्यक्ष तथा भूतपूर्व प्रधानाध्यापकहरु क्रमश पुलेन्द्रमान श्रेष्ठ, बजिरमान श्रेष्ठ, विश्वप्रकाश सिग्देल, तिलक गुरुङ, शरदकान्त सिग्देल, प्रा. तारा बराल, किशोरदत्त बराल, घनश्याम रिजाल, राजेन्द्र भण्डारी, देबेन्द्र रानाभाट र हरीगोपाल बडगामी( अनुगमन संयोजक)लाई सम्मान गरिएको सहायक प्रधानाध्यापक लोकचन्द्र खनालले बताउनु भयो । त्यसैगरी विद्यालय व्यवस्थापन समितिमा दिवंगत सदस्यहरु चित्रबहादुर विक र वामनप्रसाद ढेवाजूलाई मरणोप्रान्त सम्मान गरिएको छ । त्यसैगरी विद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारीहरु क्रमश इन्दिरा अधिकारी सिग्देल, किशन भण्डारी, मिनवहादुर सावद, ढाकाराम पौडेल, लक्ष्मी बाँस्तोला घिमिरे, जिवन बुढाथोकी, सरीता हमाल, इन्द्रप्रसाद भट्टराई र टेकबहादुर गुरुङलाई सोही समारोहमा सम्मान गरिएको थियो । विद्यालयमा स्थापित ४० भन्दा बढी अक्षयकोशबाट उत्कृष्ट एवं जेहेन्दार छात्रछात्रालाई पुरस्कार समेत उक्त अवसरमा प्रदान गरिएको छ। विद्यालय व्यवस्थापन समिति अध्यक्ष लोकबहादुर कार्कीको सभापतित्वमा भएको कार्यक्रममा प्रधानाध्यापक यदुराज पंगेनीले स्वागतका साथै विद्यालयको वार्षिक प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो। उक्त अवसरमा नर्सरीदेखि कक्षा १२ सम्मका विद्यार्थीले विविध सांस्कृतिक प्रस्तुति प्रदर्शन गरेका थिए। कार्यक्रममा स्थानीय आमा समूह, टोल विकास समिति, पूर्व गोर्खा सैनिक, अभिभावक लगायतको उल्लेख्य उपस्थिति थियो । कार्यक्रममा जग्गादाताको तर्फबाट रामगोपाल ढेवाजू, शिक्षा विकास समन्वय इकाइ कास्कीका प्रमुख लोकनाथ आचार्य, भद्रकाली बहुमुखी क्याम्पस सञ्चालक समिति अध्यक्ष माधवप्रसाद सिग्देल, व्यवस्थापन समितिका पूर्व अध्यक्ष तीलकबहादुर गुरुङ, शीतलादेवी माविका प्रधानाध्यापक बाबुराम अधिकारी, वडा नं. १३ का वडा सदस्य सुचित तामाङ र भूतपूर्व भारतीय सैनिक उपसमितिका अध्यक्ष मेजर गमप्रसाद गुरुङ लगायतले शुभकामना दिनु भएको कार्यक्रममा सहायक प्रधानाध्यापक खनालले साहित्यमय भाकामा संचालन गर्नु भएको थियो।

विसं २००८ स्थानीय ढेवाजू परिवारले उपलब्ध गराएको ४५ रोपनी जमिनमा विद्यालय स्थापना भएर सञ्चालन हुँदै आएको छ। विद्यालय परिसरमा संस्थापकद्वय टेकबहादुर ढेवाजु र कृष्णबहादुर ढेवाजुको प्रतिमा समेत निर्माण गरिएको छ । हाल विद्यालयमा कक्षा नर्सरी देखि कक्षा १२ सम्म १ हजार आठ सय ६३ जना र क्याम्पसतर्फ ४ सय २२ जना गरी जम्मा २२८५ विद्यार्थी अध्ययन गरिरहेका छन्।

## जिसस कास्कीमा कार्यालयहरूको अर्धबार्षिक समिक्षा सुरु

**पोखरापत्र संवाददाता**
पोखरा, २ फागुन



जिल्ला समन्वय समिति कास्कीको आयोजनामा कास्कीस्थित विभिन्न कार्यालयहरूको अर्धबार्षिक समिक्षा शुरु भएको छ।

कार्यक्रमको जिल्ला समन्वय समिति कास्कीका प्रमुख लिलाधर पौडेलले शुभारम्भ गर्नुभएको हो। पौडेलले कास्कीका बिकास आयोजनाका सन्दर्भमा देखिएका समस्याको न्यूनीकरणमा ध्यान दिदै समस्या रहित आयोजना तथा कार्यालयहरू निर्माणका लागि नियमित कार्यतालिका अनुसार कार्यक्रम आयोजना गरिएको उल्लेख गर्दै कमिकमजोरी नहुने गरि कार्य सम्पादन गर्न आग्रह गर्नुभयो । सबै कार्यालयहरूले मसिनो कार्यतालिका निर्माण गरेर तोकिएको लक्ष्य पूरा गर्न ध्यान केन्द्रित हुनुपर्ने उल्लेख गर्दै पौडेलले भ्रष्टाचार र बेरुजु रहित सुसासनयुक्त जिल्ला निर्माणमा लाग्न आग्रह गर्नुभयो । प्रमुख पौडेलले परम्परागत बिकासका प्रक्रियामा मात्रै ध्यान दिदा कतिपय आयोजनाका काम अनुगमनका क्रममा अलपत्र र रुग्ण देखिएको उल्लेख गर्दै समयानुकूल बिकास र प्रक्रिया अबलम्बन हुनुपर्ने बताउनुभयो। उहाँले तत्काल अधुरा र समस्याग्रस्त रुग्ण आयोजनाका समस्या समाधानमा प्रयास केन्द्रीकृत गर्न आग्रह गर्दै समुन्नत कास्की निर्माणका लागि सबै क्षेत्रको एकीकृत प्रयास जरुरी भएको उल्लेख गर्नुभयो । कार्यक्रममा जिल्ला समन्वय समिति कास्कीका उप प्रमुख सरिता माल,पोखरा उद्योग बाणिज्य संघका अध्यक्ष पवन प्रजापति, गैरसरकारी संस्था महासंघ कास्कीका अध्यक्ष बुद्धि बहादुर थापा, चेम्बर अफ कमर्स कास्कीका अध्यक्ष यामनाथ पौडेल,लेखनाथ उद्योग बाणिज्य संघका वरिष्ठ उपाध्यक्ष राजेन्द्र ओझा सहितले मन्तव्य व्यक्त गर्नुभएको थियो । दुइदिन सम्म चल्ने सो समिक्षा कार्यक्रममा बुधबार बिकास निर्माण र प्रशासनसंग सम्बन्धित कार्यालयहरूद्वारा आर्थिक बर्ष २०८०/८१ को छ महिनामा विकास निर्माण तथा सेवा प्रबाहमा सम्पादित कार्यहरूको विवरण सहित कार्यसम्पादनमा देखिएका समस्या र निराकरणका उपायहरू प्रस्तुत गरेको जिल्ला समन्वय अधिकारी नवराज बरालले जानकारी दिनुभयो । बुधबार संघीय आयोजना कार्यान्वयन इकाइ, नेपाल टेलिकम, पूर्बाधार बिकास कार्यालय, जलस्रोत तथा सिंचाइ डिभिजन कार्यालय, खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय ,स्थानीय पूर्बाधार बिकास आयोजना कार्यालय, मध्य पाहाडी लोकमार्ग आयोजना, मुग्लिङ पोखरा सडक आयोजना पश्चिम खण्डले समिक्षा प्रस्तुत गरेका थिए । जिल्ला समन्वय समिति कास्कीका प्रमुख लिलाधर पौडेलको अध्यक्षतामा आयोजित कार्यक्रममा बिहीवार कास्कीका पालिकाहरू सहित बाकी अन्य कार्यालयहरूको समिक्षा गर्ने कार्यक्रम रहेको जनाइएको छ।

## बलियो राष्ट्रिय शक्ति आवश्यक छ : अध्यक्ष ओली

**रासस**
काठमाडौं, २ फागुन

नेपाल कम्युनिष्ट पार्टी (एमाले)का अध्यक्ष केपी शर्मा ओलीले मुलुकका लागि एउटा राष्ट्रिय शक्तिको आवश्यकता रहेको बताउनुभएको छ।

ललितपुर, च्यासलस्थित एमाले केन्द्रीय पार्टी कार्यालयमा आज अनेरास्ववियुको तेस्रो पूर्ण बैठकलाई सम्बोधन गर्दै उहाँले नेपाललाई निर्णायक तवरमा काम गर्नसक्नेखालको राष्ट्रिय शक्ति निर्माणको आवश्यकता रहेको धारणा राख्नुभयो । उहाँले एमाले त्यो राष्ट्रिय शक्तिका रुपमा रहे पनि निर्णायक तहमा पुग्न नसकेको बताउनुभयो। "एमाले अहिले पनि सवल राष्ट्रिय शक्तिका रुपमा रहेको छ । तर निर्णायक तहमा पुगेको छैन", उहाँले भन्नुभयो, "एमालेलाई सवल राष्ट्रिय शक्तिबाट निर्णायक ढङ्गले सुदृढ राष्ट्रिय शक्तिका रुपमा विकास गर्न अभियान पार्टीका छ।" उहाँले मिसन-२०८४ निर्वाचन मात्र नभई पार्टीलाई सवल राष्ट्रिय शक्तिका रुपमा विकास गर्ने

बाँकी अन्तिम पृष्ठमा ▶▶

## पोखरामा अवैध सुन तथा चाँदीको कारोवार गर्ने भारतीय नागरिक पक्राउ

**पोखरापत्र संवाददाता**
पोखरा, २ फागुन

पोखरामा साँढे दुई तलाको घर भाडामा लियर अवैध सुन तथा चाँदीको कारोवार गर्ने एक जना भारतीय नागरिक पक्राउ पर्नु भएको छ । गोप्य सूचनाको आधारमा कास्की प्रहरीले मंगलबार पक्राउ गरेको भारत पश्चिम बंगाल मेदिनिपुर दासपुर-११ घर भई हाल पोखरा २ मोहोरिया टोल बस्ने ४० बर्षका सुरजित भौमिकलाई मंगलबारकै बेलुका पत्रकार सम्मेलना मार्फत सार्वजनिक गरेको हो ।

श्रोत नखुलेको(अवैध) ६२ लाख ८१ हजार नगद सहित ६ किलो सुन र ६ किलो चाँदी सहित भौमिकलाई पक्राउ गरी राजस्व अनुसन्धान विभाग, पुल्चोक,

बाँकी अन्तिम पृष्ठमा ▶▶





पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।

हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# पोखरामा अन्तरविद्यालय वडा अध्यक्ष कप फुटवल प्रतियोगिता जारी

**पोखरापत्र संवाददाता**
पोखरा, २ फागुन



पोखराको ड्याम साइड क्लवको आयोजनामा पोखरामा जारी अन्तरबिद्यालय वडा अध्यक्ष कप फुटवल प्रतियोगिता २०८० अर्न्तगत बुधबार प्रि–क्वाटरफाइनलका ४ वटा खेल सम्पन्न भएका छन् ।

पोखरा ड्याम साइड स्थित गण्डकी प्रदेश प्रहरी गणको खेल मैदानमा बुधबारको खेलमा पार्दी मावि, शान्ति निकुन्ज, शिशु कल्याण र फिस्टेल एकेडेमीले जित हासिल गर्दै क्वाटरफाइनलमा यात्रा बनाएका छन्।

बुधबार भएको पहिलो खेलमा पार्दी माविले श्री जानकी माविलाई १–० को अन्तरले पराजित गरेको हो । पार्दीको जितमा लोक बहादुर गुरुङले एक गोलको योगदान दिए । खेलमा पार्दीका संजोग परियार म्यान अफ दी म्याच घोषित भए ।

दोश्रो खेलमा शान्ति निकुञ्ज स्कुलले हिमालयन वोर्डिङ स्कुललाई ३–० को अन्तरले पराजित गर्‍यो । शान्ति निकुन्जको जितमा म्याद अफ दी म्याच घोषित इन्द्र बहादुर बि.के., गोलरक्षक आसिक गुरुङ र विश्वास गुरुङले एक/एक गोलको योगदान दिए । प्रतियोगितामा ढुंगेसाँघु बोर्डिङ स्कुलले सहज जित दर्ता गर्‍यो । एस.ओ.एस. हर्मन माइनर स्कुल प्रतियोगितामा सहभागि नभए पछि वाक ओभरमा ढुंगेसाँघुले सहज जित हात पार्न सफल भएको हो ।

अर्को खेलमा शिशु कल्याण बोर्डिङ स्कुलले ओम एकेडेमीलाई ५–० को फराकिलो गोल अन्तरले पराजित गरेको हो । शिशु कल्याणको जितमा म्यान अफ दी म्याच घोषित सोहन आले मगर र प्रमोद सुनारले समान २/२ गोल गर्दा क्रिशल थापाले एक गोल गरे । बुधबारको अन्तिम खेलमा सिजन भट्टराईको निर्णायक एक गोलको मद्धतले फिस्टेल एकेडेमीले वेष्ट प्वाइट माथि १–० को जित हालिस गर्दै क्वाटरफाइनलमा यात्रा बनाएको हो । बिहीबार प्रि–क्वाटरकै ४ वटा खेलहरु हुने भएको क्लवका पूर्व अध्यक्ष पदम ढकालले बताए । यसैबिच, यही फागुन ६ गतेसम्म प्रतियोगिता संचालन हुने भएको क्लवका अध्यक्ष प्रताप गुरुङले बताए । पोखरा महानगरपालिका वडा नम्बर १७ को प्रबर्द्धनमा भएको प्रतियोगितामा पोखरा १७ स्थित वडामा रहेका सामुदायिक तथा निजी गरी १९ वटा बिद्यालयहरुको सहभागिता रहेको छ । प्रतियोगिताको विजेता टिमले ३० हजार, उपविजेताले २० हजार, तेश्रो हुनेले १० हजार र शान्त्वना हुने टिमले भने ५ हजारको साथमा ट्रफी, मेडल र प्रमाण–पत्र प्राप्त गर्ने भएको महासचिव राकेश श्रेष्ठले बताए । प्रतियोगिताको गत बर्षको विजेता छोरेपाटन मावि हो । फुटवल खेलको तल्लो स्तरबाटै विकास गर्ने उद्धेश्यले उक्त प्रतियोगिता आयोजना गरिएको क्लवका बरिष्ठ उपाध्यक्ष रमेश प्रसाद बरालले बताए ।

## बलियो ...

अभियान पनि रहेको बताउनुभयो ।

अध्यक्ष ओलीले समय गतिशील रहेकाले पार्टीमा युवा विद्यार्थीको पुस्तान्तरण र हस्तान्तरण गरिने बताउनुभयो । "पार्टीमा कार्यक्षमता, सक्रिय, योग्यता, भारवहन क्षमताका आधारमा पुस्तान्तरण र हस्तान्तरण हुन्छ", उहाँले भन्नुभयो । उहाँले अहिले नयाँ राजनीतिक दलको सिद्धान्त समाजवाद वा पुँजीवाद के हो भन्ने थाहा नभएको बताउनुभयो । उहाँले युवा विद्यार्थीलाई समाजले मनपराउने र स्वीकार गर्नसक्ने खालका क्रियाकलाप गर्न सुझाव दिनुभयो । "जनताले मन नपराउने, आलोचित र घृणा गर्ने कुरा नगर्नुहोस्", उहाँले भन्नुभयो, "कुन चिज कहाँ गर्ने कसरी प्रयोग गर्ने भन्ने कुरा समाजले स्वीकार गर्न खालेको हुनुपर्दछ ।" उहाँले कार्ड देखाएर विद्यार्थीको परिचय हुन नसक्ने भन्दै विद्यार्थीमा दयालु, मुस्कानसहितको व्यवहार हुनुपर्नेमा जोड दिनुभयो । एमाले केन्द्रीय सदस्य तथा अनेरास्ववियुका इञ्चार्ज किशोर विक्रम मल्लले विद्यार्थी आन्दोलन कमजोर भइरहेकाबेला अनेरास्ववियुले रचनात्मक ढङ्गबाट क्रियाकलाप अगाडि बढाउनुपर्ने बताउनुभयो । अनेरास्ववियुका अध्यक्ष समिक बडालले सङ्गठनलाई शैक्षिक आन्दोलनमा केन्द्रित गर्ने बताउनुभयो । बैठक यही फागुन ४ गतेसम्म सञ्चालन हुनेछ ।

# एसिसी महिला प्रिमियर लिग क्रिकेट : कुवेतलाई हराउँदै नेपाल सेमिफाइनलमा

**रासस**
काठमाडौं, २ फागुन

कुवेतलाई हराउँदै नेपाल एसिसी महिला प्रिमियर कप क्रिकेट प्रतियोगिताको सेमिफाइनमा प्रवेश गरेको छ ।

मलेसियाको क्वालालाम्पुर स्थित वाइएसडी युकेएम क्रिकेट मैदानमा आज भएको खेलमा नेपालले कुवेतलाई आठ विकेटले पराजित गर्दै सेमिफाइनलमा पुगेको हो । टस जितेर पहिला ब्याटिङ रोजेको कुवेतले नेपाललाई ७४ रनको लक्ष्य दिएको थियो । ब्याटिङ गर्ने क्रममा वर्षाले खेल प्रभावित बनेको थियो ।

नेपालले १२ ओभरमा ५० रन बनाउनु पर्ने लक्ष्य पाएकामा ६ दशमलव ५ ओभरमा दुई विकेट गुमाउँदै लक्ष्य पूरा गर्‍यो । नेपालको जितमा कप्तान इन्दु बर्माले सर्वाधिक २२ रन बनाइन् । उनले २१ बलमा एक चौकाको साहयताले अविजित २२ रन बनाएकी हुन् । त्यस्तै सीता रानामगरले १७ रन जोडिन् भने कविता जोशीले अविजित ४ रन बनाइन् । बलिङतर्फ कुवेतकी मारयाम ओमरले एक विकेट लिइन् । यसअघि कुवेतले निर्धारित २० ओभरमा ९ विकेट गुमाउँदै ७३ रनको योगफल बनाएको थियो । कुवेतका लागि प्रियदा मुरलीले सर्वाधिक २९ रनको योगदान दिइन् । उनले ३३ बलमा तीन चौका र एक छक्काको मद्धतमा २९ रन बनाएकी हुन् ।

# पोखरा कप विद्यालयस्तरीय क्रिकेट हुँदै, १२ विद्यालयको सहभागिता

**पोखरापत्र संवाददाता**
पोखरा, २ फागुन




पोखरामा पहिलो पटक विद्यालयस्तरीय क्रिकेट प्रतियोगिता आयोजना गरिएको छ । बि-बग इभेन्टले पोखरा कप विद्यालयस्तरीय क्रिकेट प्रतियोगिता आयोजना गरेको हो ।

फागुन ९ देखि १६ गतेसम्म पोखरा रंगशालाको खेल मैदानमा प्रतियोगिता सञ्चालन हुनेछ । पोखराका १२ विद्यालय सहभागी हुने प्रतियोगिता संयोजक उदीपराज ढुंगानाले जानकारी दिए । बुधबार प्रतियोगिताबारे जानकारी दिन आयोजित पत्रकार सम्मेलनमा विद्यालयस्तरमा क्रिकेटका गतिविधि शून्य भएकाले प्रतियोगिता आयोजना गरेको ढुंगानाको भनाइ थियो । 'अहिले नेपालको राष्ट्रिय टिमले विभिन्न प्रतियोगिताहरु लगातार खेलिरहेको भएपनि विद्यालयस्तरमा क्रिकेट गतिविधिहरु शुन्यप्राय छन् । कुनै पनि खेलको विकासका लागि पहिले त्यसको ग्राउण्ड लेभलबाट नै सुरु हुन जरुरी छ', ढुंगानाले भने, 'त्यसैले प्रथम पोखरा कप विद्यायलस्तरीय क्रिकेट प्रतियोगिताको रुपमा हामीले यो अवधारणा प्रस्तुत गरेका हौं ।'

यो प्रतियोगिता टि-२० ढाँचामा खेलाइनेछ । १२ कक्षासम्मका विद्यार्थीले खेल्न पाउनेछन् । १२ विद्यालयलाई ४ समुहमा विभाजन गरेर लिग चरणका खेल खेलाइनेछ । समूह विजेताले सेमिफाइनलमा स्थान पक्का गर्नेछन् । प्रतियोगिताको विजेताले ८० हजार रुपैयाँ बराबरको क्रिकेट किट, ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गर्नेछन् । उपविजेताले ४० हजार रुपैयाँ बराबरको क्रिकेट किट, ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त संयोजक ढुंगानाले जानकारी दिए । उत्कृष्ट बलर, ब्याटर तथा खेलाडीलाई पनि किट, ट्रफी तथा मेडल प्रदान गरिनेछ । उत्कृष्ट बलर र ब्याटरले जनही ५ हजार र उत्कृष्ट खेलाडीले ७ हजार ५ सय रुपैयाँ पाउनेछ । प्रतियोगिताको पहिलो संस्करणलाई एक्सपर्ट एजुकेसन एण्ड भिजा सर्भिसले मुख्य प्रायोजन गरेको छ । प्रतियोगिता सम्पन्न गर्न १० लाख ७५ हजार रुपैयाँ लाग्ने अनुमान छ ।

बि-बग इभेन्टका अध्यक्ष विशाल सुवेदीले पोखरामा विद्यालय तहबाटै क्रिकेटको विकास गर्ने प्रयासमा लागेको बताए । 'धेरै समय अगाडिबाट विद्यालयस्तरमा क्रिकेटको टुर्नामेन्ट नभएको अवस्थामा क्रिकेट कल्चर विकास गर्ने सपना लिएका छौं', उनले भने । पोखरेलीको सहयोग लिएर क्रिकेट खेलाडी उत्पादनमा लाग्ने योजना बनाएको सुवेदीले सुनाए । प्रतिभा माविका प्रचार्य किरण आचार्यले पोखरामा विद्यार्थी लक्षित क्रिकेट प्रतियोगिताको आवश्यकता पूर्ती भएको बताए । विद्यार्थीमाझ क्रिकेट खेल लोकप्रिय भएपनि प्रतियोगिता आयोजना हुन नसकेको उनको भनाइ छ । 'चाहेर पनि विद्यालयहरुले विद्यालयस्तरमा क्रिकेट खेलको प्रतियोगिता भइरहेको छैन', उनले भने । एक्सपर्ट एजुकेसन एण्ड भिजा सर्भिस पोखराका अपरेशन म्यानेजर रमेश बाँस्तोलाले क्रिकेटको विकासमा सदैव साथ दिने प्रतिबद्धता जनाए ।

## पोखरामा ...

ललितपुर पठाइएको एसपी थापाले बताउनु भयो । भौमिकबाट प्रहरीले विभिन्न किसिमका सुनका गरगहनाहरू-५ केजी २०० ग्राम, काँचो सुन ९९९.९० ग्रामको एक ढिका, चाँदी ६ केजी, नगद ६२ लाख ८१ हजार, मोवाइल १ थान, विभिन्न बैंकका चेकहरू १३ थान, डायरी २ थान, रजिष्ट्ररहरू ७ थान सामान बरामद गरेको प्रहरीले जनाएको छ । प्रहरीले मंगलबार दिउसो सुनचाँदी व्यवसायीको सहयोगमा सुनको मापन तथा परीक्षण गरिएको प्रहरीले जनाएको छ । गत माघ २९ गते देखि उहाँको खोजिमा आफुहरु लागे पनि अन्ततः भोलि पल्ट बिहान ४:३० बजे नै मोहोरिया टोलमा रहेको कविन्द्र प्रसाद श्रेष्ठको साँढे दुई तलाको घर भाडामा बस्नु भएको भौमिकले कोठामा लुकाई छिपाई राखेको अवस्थामा आफुहरुले भेटाएसंगै त्यसको श्रोत खुलाउन नसके पछि उहाँलाई नियन्त्रणमा लिएको एसपी थापाले जनाउनु भयो ।


## Embassy of India
## Pension Paying Office
## Rambazar, Pokhara (Nepal)

सत्यमेव जयते


**REPAIR/ RENOVATION OF CGI ROOFING WITH PRE PAINTED GALVALUME STEPPED TILES SHEET, FLOOR WITH TILING WORKS AT TYPE-IV QUARTERS, INSTALLATION OF AUTOMATIC SELF ON/OFF STARTER ON 82.5 KVA & 100 KVA GENERATOR SET AND RESURFACING OF ROAD INSIDE PPO COMPLEX OF EMBASSY OF INDIA, PPO POKHARA**

1. Sealed tender documents/ quotations are invited directly from reputed bidders for the following works :-
   (a) Repair/ replacemnt of CGI Roofing with Pre Painted Galvalume Stepped Tiles Sheet of Buildings (Main Office, South Guest House, Manekshaw Dormitory and Manoj Kumar Pandey Dormitory) of EoI, PPO Pokhara.
   (b) Repair/ renovation of Floor with tiling works at Type-IV Quarters (3 Quarters) of EoI, PPO Pokhara.
   (c) Installation of Automatic Self on/off Starter on 82.5 KVA and 100 KVA Generator Set of EoI, PPO Pokhara.
   (d) Repair/ maintenance and resurfacing of Road inside PPO complex of EoI, PPO Pokhara.
2. The last date of receipt of offer in sealed envelope (Techincal Bid and Financial Bid) separately in each work is on or before 25 Feb 2024 up to 17:00 hrs. The notice is also available on website www.indianembassy.org.np and eprocure.gov.in. The bid documents can be collected from Embassy of India, Pension Paying Office, Rambazar, Pokhara (Nepal). Tele No 061-434240 / 061-435804/ 061-435805.
3. Bidders may visit the proposed work site before submitting the bid.

**Asst Military Attache (P) &**
**Officer-in-Charge**
**Embassy of India**
**Pension Paying Office**
**Rambazar, Pokhara (Nepal)**

# कपालको उपचार
## कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने
### के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ । यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला ।



**सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.**
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

# प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

**प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ ।**

लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्कः
**स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.**
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

# के तपाईमा यौनसम्बन्धी समस्या छ

**पुरुषमा देखिने**:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङ्गको आकार सानो हुने आदि ।

**महिलाहरूमा देखिने**:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

**सुन्दरता** : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

**मलद्वार सम्वन्धी रोग** : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ ।

**महिला वा पुरूषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार**

**जाँच्ने समय**: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
**माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.**
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला ।


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा ।

**सुक्तिसुधा**

कला भनेको सिर्जनात्मक कल्पनाद्धारा सत्यको सुन्दर प्रदर्शन हो । – लक्ष्मीप्रसाद देवकोटा

## सम्पादकीय

# सामाजिक अभियन्ता जमघट

वैकल्पिक विश्वबारे विचार विमर्श गर्न संसारका विभिन्न देशका नागरिक काठमाडौं आइपुगेका छन् । विश्व सामाजिक मञ्चको नेतृत्वमा विश्वभरका सामाजिक आन्दोलन र नागरिक संगठनको सामूहिक शक्ति काठमाडौंमा एकत्रित हुन लागेको छ । बुधबार विश्व सामाजिक मञ्च नेपाल आयोजक समितिले पत्रकार सम्मेलन गरी कार्यक्रमबारे जानकारी दिएको छ । कार्यक्रममा सरकार, राजनीतिक दलका प्रतिनिधि र सुरक्षा निकाय व्यक्ति बाहेक सबैको उपसथिति रहने आयोजक समितिले जनाएको छ । यसका लागि सबै तयारी पूरा भएको जानकारी दिइएको छ । यसका लागि धेरै देशका नागरिक काठमाडौं आइसकेका छन् भने केही आउने क्रममा छन् ।

नवउदारवाद, भूमण्डलीकरण, पूँजीवाद, जलवायु संकट, पुरुषसत्ता, जातजाति, छुवाछूत तथा रंगभेद, नश्लभेद, लैंगिकता तथा यौनिकताका आधारमा हुने हिंसा, विभेद विरुद्ध एकजुट भएर गरिने विश्वभरका सामाजिक आन्दोलन र नागरिक संगठनको सामूहिक शक्तिलाई एकत्रित गर्दै मञ्चले परिचालन गर्दै आएको छ। त्यही क्रममा मञ्चको १६औं संस्करण नेपालमा आयोजना गर्न लागिएको हो।सन २००१ मा ब्राजीलबाट शुरु भएको अभियान नागरिक समाज र सामाजिक अभियन्ता सक्रिय छन । 'अर्को विश्व सम्भव छ' भन्ने नारा दिइएको संस्करण फागुन ३ देखि ७ गतेसम्म काठमाडौंमा चल्नेछ। यसमा १३ वटा मूल विधामा आधारित भएर ठूलासाना गरी ४०२ वटा कार्यक्रम गरिने भएको छ ।

कार्यक्रममा हालसम्म विश्वभरबाट ९२ देशका एक हजार २५२ वटा संस्था तथा समूह स्वआयोजकका रूपमा दर्ता भएका छन्। कार्यक्रममा करीब ४० देखि ५० हजार जनाको सहभागिता रहने जनाइएको छ। नेपालमा विभिन्न देशका नागरिक समाज र अभियन्ताको जमघट हुनु नागरिक समाज र सामाजिक अभियन्ताका लागि हौसला हो । सरकार र राजनीतिक दल भन्दा बाहिरको नागरिक अभियान सशक्त छ भन्ने सन्देश हो।विश्व सामाजिक मञ्च-२०२४ को बिहीबार काठमाडौंको भृकुटीमण्डपमा उद्घाटन गरिँदै छ ।

हरेक दिन विभिन्न देशका कला, साहित्य, संस्कृति झल्किने कार्यक्रम हुने भएका छन् । कार्यक्रमका विभिन्न सत्र नेपाली, अंग्रेजी, फ्रेन्च, स्पेनिश, अरबिक र पोर्चुगिज भाषामा अनुवाद गर्ने व्यवस्था मिलाइएको छ । कार्यक्रमभर ७५० जना स्वयंसेवक परिचालन गरिने जनाइएको छ । नेपालमा नागरिक आन्दोलनलाई कमजोर ठान्नु हुँदैन भन्ने गरि सामाजिक कार्यकर्ताले देखाउने बेला भएको छ । सरकारले राजनीतिक दल संगसंगै सामाजिक कार्यकर्ताको भूमिका महत्त्वपूर्ण छ भन्ने बुझ्नु जरुरी छ ।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : सत्कार मिल्नेछ | तुला | : शत्रुको भय |
| वृष | : आर्थिक समस्या | वृश्चिक | : झमेला बढ्ने |
| मिथुन | : मानसिक तनाब | धनु | : कार्यमा सफलता |
| कर्कट | : शारीरिक झमेला | मकर | : शुभ यात्रा |
| सिंह | : ब्यापारमा लाभ | कुम्भ | : स्वस्थ्यमा सुधार |
| कन्या | : अप्रत्यसित लाभ | मीन | : सहयोग मिल्नेछ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा–१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# बागलुङको बेलढुङ्गामा पर्यटकको चहलपहल

**रासस**
बागलुङ, २ फागुन

चिसो मौसम सकिन थालेसँगै बागलुङको बेलढुङ्गामा आन्तरिक पर्यटकको चहलपहल बढेको छ । बर्खादेखि सुनसान बनेको बेलढुङ्गामा अहिले दैनिकजसो पर्यटक आउन थालेपछि चहलपहल बढेको हो ।

बागलुङको काठेखोला गाउँपालिका-३ ओखले र म्याग्दीको बेनी नगरपालिका-३ भकिम्लको शिरमा अवस्थित बेलढुङ्गा पछिल्लो समय आन्तरिक पर्यटकको आकर्षणको केन्द्र बनेको हो । सडक सञ्जाल र पदमार्गको सहज पहुँच पुगेपछि बेलढुङ्गामा पर्यटक आगमनमा वृद्धि भएको छ । समुद्री सतहदेखि दुई हजार छ सय मिटरको उचाइमा रहेको बेलढुङ्गालाई पर्यटकीय गन्तव्य बनाउनका लागि गण्डकी प्रदेश र काठेखोला गाउँपालिकाले बर्सेनि लगानी गर्दै आएको छ । उच्च पहाडी क्षेत्रमा रहेको हुँदा यहाँबाट धौलागिरीसहित दर्जनौं हिमशृङ्खला आँखै अगाडि देख्न सकिन्छ । सूर्योदय हेर्नका लागि पनि पर्यटक बेलढुङ्गा पुग्ने गरेका हुन् । बेलढुङ्गा नजिकै खाना बस्न र स्थानीय कला संस्कृतिसँग रम्नका लागि सामुदायिक घरबास (होम-स्टे) रहेको हुँदा विदेशी पर्यटक पनि समय-समयमा यहाँ आउने गरेको पाइन्छ । बागलुङ र म्याग्दी दुवै तर्फदेखि गाडी तथा पैदलयात्रामार्फत यहाँ पुग्न सकिन्छ। दशैँ र तिहारकोबीचमा दैनिक करिब पाँच सयको हाराहारीमा पर्यटक आएका थिए भने त्यसपछि माघ पहिलो सातासम्म बेलढुङ्गा सुनसान रहेको बेलढुङ्गा सामुदायिक घरबासका अध्यक्ष गोपाल श्रीसले बताउनुभयो । माघयता झण्डै एक हजार दुई सय पर्यटक बेलढुङ्गा आएको उहाँको भनाइ छ ।

अधिकांश पर्यटक दिउँसो आएर साँझ फर्कने गरेको सुनाउँदै घरबासमा बास बस्ने गरी आउने निकै कम भएको उहाँको भनाइ छ । आधा दशक अगाडिसम्म सुनसान जस्तै रहेको बेलढुङ्गा केही वर्षयता पर्यटकले भरिभराउ हुँदै गएको अध्यक्ष श्रीसले बताउनुभयो । सरकारले पनि यस क्षेत्रको विकासका लागि चासो देखाएको उहाँ बताउनुहुन्छ । गतवर्ष काठेखोला गाउँपालिकाले विनियोजन गरिएको रु दुई लाख ५९ हजार र गण्डकी प्रदेश सरकारको रु २० लाख बजेट विनियोजन गरेको भन्दै यसवर्ष पनि गाउँपालिकाबाट रु पाँच लाख विनियोजन भएको श्रीसको भनाइ छ । पोहोर साल देउराली डाँडादेखि बेलढुङ्गासम्म जोड्ने दुई लाख ६० मिटर पदमार्गका स्लेट ढुङ्गा विच्छ्याको र बागलुङ नगरपालिका-६ पञ्चकोटतर्फ दुई सय ५० मिटर साइकल ल्याण्ड बनाएको भन्दै यसवर्ष 'भ्यू प्वाइन्ट' व्यवस्थापन गर्न थालिएको उहाँले बताउनुभयो । "पहिलेको तुलनामा अहिले बेलढुङ्गाको स्वरुपनै फेरिएको छ, धेरै व्यवस्थित पनि बनेको छ, प्रचारप्रसार पनि उत्तिकै भएर होला पर्यटक आगमनमा निकै उत्साह देखिएको छ, यस्तो ठाउँमा यसरी पर्यटकको ओइरो लाग्ला भन्ने हामीहरूले सोचेका थिएनौं तर विकासले गति लिँदै गएपछि आन्तरिक तथा बाह्य पर्यटकको सङ्ख्या निकै बढेको छ, हामीहरूलाई निकै उत्साहित बनाएको छ", श्रीसले भन्नुभयो, "यहाँ अझै थप संरचना बनाउनुपर्ने छ, ती संरचना बने भने यस क्षेत्रको मुहार फेरिने अपेक्षा गरेका छौं ।"

पछिल्लो समय बिदाको दिन विभिन्न सङ्घ संस्था तथा विद्यालयबाट विद्यार्थी घुम्न र उच्च पहाडी हावापानीसँग रम्नका लागि आउने गरेका छन् । बागलुङ बजारबाट गाडीमा एक घण्टा र म्याग्दीको बेनीबाट एक घण्टामा बेलढुङ्गा पुग्न सकिन्छ ।

बेलढुङ्गा नजिकै म्याग्दीको भकिम्लेमा प्रसिद्ध धार्मिकस्थल स्वर्गाश्रम छ । यहाँ पूजाआजा गर्न आउने भक्तजन पनि बेलढुङ्गा चढ्न आउने गरेका छन् । दुई वर्ष अगाडिसम्म बेलढुङ्गामा जोखिम मोलेर चढ्नुपर्थ्यो भने अहिले पदमार्गमार्फत सहज रुपमा टुप्पोमा पुग्न सकिन्छ । लामो समय बुटवल बसेर पर्वतस्थित घर आउनुभएका विशाल घिमिरेले आफूहरू १२ जनाको टोली मोटरसाइकलमै बेलढुङ्गा घुम्न आएको बताउनुभयो । यसभन्दा अगाडि एक पटक पारिवारिक घुमफिरमा आएको सुनाउँदै त्यस बेलाको घुमाइले धित नमरेपछि यसपटक साथीहरूसँग आएको उहाँको भनाइ छ ।

# पर्यटकीयस्थलमा झोलुङ्गे पुल निर्माण

**रासस**
म्याग्दी, २ फागुन

मुस्ताङको थासाङ गाउँपालिका-२ मा रहेको पर्यटकीयस्थल सेकुङ र भुतर्छो ताल जोड्ने पदमार्गमा पर्ने म्हरक्पुं दोङ खोलामा झोलुङ्गे पुल निर्माण भएको छ ।

स्थानीयवासी र ताल भ्रमणमा आउने पर्यटकलाई लक्षित गरेर थासाङ गाउँपालिकाले झोलुङ्गे पुल निर्माण गरेको हो । थासाङ -२ कोवाङका वडाध्यक्ष गौतम शेरचनले रु ४५ लाख ३२ हजार एक सय छ लागतमा ८३ मिटर लामो झोलुङ्गे पुल निर्माण भएको जानकारी दिनुभयो । "म्हरक्पुं दोङ खोलामा पुल नहुँदा बर्खामा पर्यटक र स्थानीयवासीले जोखिम मोलेर आवतजावत गर्नुपर्ने समस्या थियो", उहाँले भन्नुभयो, "पुल बनेपछि सुरक्षित आवतजावतका साथै एउटादेखि अर्को ताल पुग्न लाग्ने समय ३० मिनेटबाट पाँच मिनेटमा छोट्टिएको छ ।" कोवाङ, खन्ती, नाउरीकोट, ताङछरा, लार्जुङलगायत बस्तीका एक सय ६० घरधुरीका साथै ताल भ्रमणमा आउने पर्यटक पुलबाट लाभान्वित भएका छन् । सेकुङ र भुतर्छो तालको बीचमा म्हरक्पुं खोलाले कटान गरेर बनाएको खोंचमाथि झोलुङ्गे पुल निर्माण भएको हो । स्थानीयवासी विशाल परियारका अनुसार पुल बनेपछि घुमाउँरो बाटोमा खोला तरेर यात्रा गर्नुपर्ने समस्या हटेको छ । पुल निर्माणका लागि स्वाप कार्यक्रमले रु ३४ लाख ७५ हजार पाँच सय १५, गाउँपालिकाले रु पाँच लाख ८९ हजार एक सय७३, टिबिएसयुले रु तीन लाख ८६ हजार सात सय ७४ सहयोग र उपभोक्ताले रु ९० हजार छ सय ४२ बराबरको श्रमदान गरेका वडा कार्यालयले जनाएको छ। धवलागिरि र टुकुचे हिमालको फेदीमा रहेको सेकुङ र भुतर्छो ताल पछिल्लो समय पर्यटकीय गन्तव्यका रूपमा विकास हुन थालेको छ । दुईवटै तालको पृष्ठभूमिमा पूर्वतर्फ निलगिरि र पश्चिममा धवलागिरि हिमाल देख्न सकिन्छ । करिब एक सय ५० मिटर लम्बाइ र २० मिटर चौडाइको गोलो आकारको सेकुङ ताल समुद्री सतहबाट दुई हजार सात सय २५ मिटरको उचाइमा अवस्थित छ । ताल परिसरमा चौंरी, भेडाबाख्रा र गाईभैंसीको चरन खर्क छ ।

# पोखरामा बिटी कप जारी, ८ खेल सम्पन्न

**पोखरापत्र संवाददाता**
पोखरा, २ फागुन



बुद्धटोल युवा (बिटी) क्लबको आयोजनामा जारी सातौं विरेन स्मृति १७ औं बिटी कप खुल्ला फुटबल प्रतियोगितामा बुधबार ८ खेल सम्पन्न भएका छन् ।

पोखरा महानगरपालिका १ पुरानो टुंडिखेलमा बुधबार भएको पहिलो चरण अन्तरगतकै खेलमा गण्डकी स्पोर्टस् क्लबलाई बेलीज् एफसीले ६-० गोलको फराकिलो अन्तरले पराजित गर्यो। बेलिजको जीतमा राकेश राईले ह्याट्रिक पूरा गरे भने दिपेश गुरुङले १ र साइमन तामाङले २ गोल गरे । क्लबका सचिव रेशम सापकोटाका अनुसार दोस्रो खेलमा ह्याङओभरलाई दिव्यज्योतीकले१-०गोलअन्तरले हरायो । दिव्यज्योतीको जीतमा मन्जित थापाले निर्णायक गोल गरे । तेस्रो खेलमा माछापुच्छ्रे त्रिशक्ति क्लबले हरिचोक युनाइटेडमाथि ४/१ गोल अन्तरले सहज जीत निकाल्यो। त्रिशक्तिको जीतमा मनिष ठकुरीले २ गोल गरे भने रविन नेपाली र आइत तामाङले समान १ गोलको योगदान दिए । चौथो खेलमा माइती गोर्खालाई कमलपोखरी एफसीले ३-० गोल अन्तरले पराजित गर्यो । कमलपोखरीको जीतमा प्रकाश तामाङ, विनम गुरुङ र अमित गुरुङले समान १ गोल गरे । पाँचौ खेलमा सिटी जिमलाई जिनाइन युनाइटेडले ५-० गोलको फराकिलो अन्तरले पाखा लगायो ।

जिनाइनको जीतमा बुद्धि तामाङ, दौलत गुरुङ, रोशन रानामगरले समान १ गोल गरे भने आशिष गुरुङले २ गोलको योगदान दिए । यसैगरी छैटौं खेलमा लिभिक कन्स्ट्रक्सन र शुक्लागण्डकी हेम्जाबीच भएको खेल गोलरहित भएपछि टाइब्रेकरमा शुक्लागण्डकीले ३-२ गोल अन्तरले पराजित गर्यो । सातौ खेलमा बगर युनाइटेडलाई भदौरे क्लबले ३-१ गोल अन्तरले हरायो ।

रामघाट क्लब र गार्डेन एफसीबीच भएको आजको अन्तिम खेल गोलरहित भएपछि टाइब्रेकरमा गार्डेनलाई ६-५ गोल अन्तरले हराउदै रामघाट दोस्रो चरणमा प्रवेश गर्यो । बिहीबारपनि पहिलो चरणकै ८ खेल सञ्चालन गरिने आयोजकले जनाएको छ । आगामी १० गते सम्पन्न हुने प्रतियोगितामा कुल ५६ टिमको सहभागिता रहेको छ ।

# एघार घण्टाभन्दा बढी विद्यालय खोलेर नमूना बनाइँदै जीवनज्योति

**पोखरापत्र संवाददाता**
वालिङ, २ फागुन

शिक्षाको गुणस्तर खस्किँदै गइरहेको आरोप सामुदायिक विद्यालयले खेपिरहेका बेला यहाँको जीवनज्योति माध्यमिक विद्यालयले नमूना अभ्यास थालेको छ ।

स्याङ्जाको विरुवा गाउँपालिका ७ कुसुमभञ्ज्याङमा रहेको जीवनज्योति माविले कक्षा ६ देखि १२ सम्मका विद्यार्थीलाई झण्डै १२ घण्टा विद्यालय हाताभित्रै शिक्षकको निगरानीमा राखेर सैद्धान्तिक र प्रयोगात्मक कक्षा सञ्चालन गर्दै आएको हो । सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधार गर्ने मुख्य उद्देश्यसहित विद्यार्थीलाई विद्यालयमा सैद्धान्तिक र व्यावहारिक ज्ञान दिने गरिएको विद्यालयका प्रधानाध्यापक सामबहादुर गुरुङले बताउनुभयो । "यस विद्यालयमा ६ देखि १२ कक्षामा अध्ययनरत विद्यार्थी बिहान ७ बजेदेखि बेलुका साढे ६ बजेसम्म विद्यालयमै हुन्छन्" उहाँले भन्नुभयो, "शैक्षिक गुणस्तर वृद्धि गर्न शिक्षक, अभिभावक, विद्यार्थी तथा स्थानीय समुदायको छलफलबाट अतिरिक्त समयमा पनि विद्यार्थी विद्यालयमै रहने निर्णय गरेको हो ।" अधिकांश अभिभावकले आफ्ना छोराछोरीलाई घरमा किताव पढाउन तथा सोधेका कुराहरु सिकाउन नसक्ने भएकाले विद्यालयमै राखेर सिकाउने गरिएको हो । बिहानदेखि साँझसम्म विद्यार्थीले सैद्धान्तिकका साथै व्यावहारिक ज्ञान लिने गरेका छन् । अतिरिक्त समयमा पढ्दै कमाउँदै कार्यक्रम अन्तर्गत आयमूलक तरकारी, मौरी, च्याउ, फलफूल, सिलाइबुनाइलगायत सीप सिक्ने गरेका छन् । "बिहान ७ बजे विद्यालय आएका विद्यार्थी एकैचोटी साँझ साढे ६ बजे विद्यालयबाट घर जान्छन्" उहाँले भन्नुभयो, "गृहकार्य पनि विद्यालयमै गर्छन्, जसले गर्दा नजानेका केही कुरा भए विषयसँग सम्बन्धित शिक्षकलाई प्रत्यक्षरुपमा सोध्न पाउँछन् ।"

जीवनज्योतिमा विद्यालय समय १०-४ भन्ने छैन। बिहानदेखि साँझ अबेरसम्म दैनिक कक्षा सञ्चालन हुने गरेको छ। शिक्षकले बिहानैदेखि साँझसम्म तालिका मिलाएर अध्यापन गराउँदै आएका छन् । शनिबारको दिनमासमेत 'सामाजिक आन्दोलन' नाम दिई खेलकूद, नयाँ नयाँ खोज तथा रचनात्मक कार्य, नयाँ प्रतिभाको खोजी हुँदै आएको छ । यहाँ अध्ययनरत विद्यार्थी आफैँले आफ्ना लागि शैक्षिक सामग्री किन्न सक्ने बनाउन पढ्दै कमाउँदै कार्यक्रम प्रभावकारी भएको उहाँले बताउनुभयो। विद्यालयले च्याउ खेती, सिलाइबुनाइ, वेल्डिङ, मौरीपालन जस्ता काम गरिसकेका छन् । अब केही दिनमा नै ह्याचरीबाट कुखुराका चल्ला उत्पादन गरी विद्यार्थीलाई उपलब्ध गराउने तयारीमा विद्यालय रहेको छ। बिहानैदेखि साँझ अबेरसम्म विद्यालय सञ्चालन हुने भएपछि विद्यालयले एउटा सवारी साधन खरिद गरी सञ्चालनमा ल्याएको छ । स्याङ्जाको विकट ग्रामीण भेगमा रहेको जीवनज्योतिले शैक्षिक क्षेत्रमा उदाहरणीय काम गर्दै आएको छ ।

ग्रामीण भेगबाट बसाई सरी शहरी क्षेत्रमा जाने क्रमलाई रोक्न गाउँमै गुणस्तरीय शिक्षा दिने अभियान थालिएको उहाँले बताउनुभयो । गण्डकी प्रदेश सरकारले रु. दश लाख, बिरुवा गाउँपालिकाले रु. पाँच लाखको सहयोग र स्थानीय समुदाय, अभिभावक, शिक्षकले दिएको चन्दाबाट रु. तीस लाखमा बस खरिद गरेको छ। विद्यालयमा दैनिक प्रधानाध्यापक फेर्ने गरिएको छ । शिक्षकभित्रैबाट दैनिक प्रधानाध्यापकफेरीआलोपालोमा प्रशासन चलाउने अभ्यास पनि जीवनज्योतिले गरेको छ ।


गण्डकी प्रदेश सरकार
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
**पर्यटन, उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय**
**पर्यटन तथा उद्योग कार्यालय, कास्की**

**फर्म बन्द सम्बन्धी ३५ दिने सार्वजनिक सूचना**

प्रथम पटक प्रकाशित सूचना २०८०/११/०२

यस कार्यालयबाट मिति २०६८/०५/१३ मा कास्की जिल्ला पोखरा ०५ कास्कीमा सञ्चालन गर्ने गरि मुरली भञ्ज्याङ ०८ धादिङ निवासी चिरन्जीवि लम्सालको नाउँमा दर्ता भएको फर्म दर्ता नं. ७९०७/०६८/०६९ (११९९) को सेभेनडेज फास्ट फुड सेन्टर नामक फर्मको प्रोप्राईटरले फर्म सञ्चालन गर्न नसक्ने भएकाले मिति २०८०/११/०२ मा फर्म बन्द गरीपाउँ भनी आवश्यक कागजात सहित रितपूर्वक निवेदन दिनुभएको हुँदा यो ३५ दिने फर्म बन्द सम्बन्धी सार्वजनिक सूचना प्रकाशित गरिएको छ । यदि सो फर्ममा अरु कसैको हकदावी एवं कुनै पनि प्रकारको सामाजिक दायित्वहरु तथा लेनदेन भएमा सवुत प्रमाण सहित यो सूचना प्रकाशन भएको मितिले ३५ दिनभित्र यस कार्यालयमा लिखित उजुरी दिनुहुन अनुरोध गरिन्छ। म्यादभित्र लिखित उजुरी नपरेमा उक्त उद्योग नियमानुसार खारेज भई जाने हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

**पर्यटन तथा उद्योग कार्यालय**
**कास्की**

# घान्द्रुकको मेश्रम बराह माविले हीरक जयन्ती मनाउने

पोखरापत्र संवाददाता
पोखरा, २ फागुन

कास्कीको अन्नपूर्ण गाउँपालिका-१०, घान्द्रुकमा रहेको मेश्रम बराह माध्यमिक विद्यालयले आफ्नो स्थापनाको ७५ औँ वर्ष गाँठको अवसरमा हीरक जयन्ती मनाउने भएको छ। २००६ सालमा स्थापना भएको माविले आगामी फागुन १५ देखि १७ गतेसम्म विविध कार्यक्रमका साथ हीरक जयन्ती मनाउने भएको मंगलवार पोखरामा आयोजित पत्रकार सम्मेलनमा जानकारी गरएको हो।

हीरक जयन्ती मनाउन करिब रु ५० लाख खर्च हुने अनुमान गरिएको उक्त रकम चन्दा दाताहरूबाट रु पाँच सयदेखि रु पाँच लाखसम्म आर्थिक सहयोग प्राप्त भइरहेको विद्यालय व्यवस्थापन समितिका अध्यक्ष एवं हीरक जयन्ती मूल आयोजक समितिका संयोजक लक्षिन गुरुङले बताए। सङ्कलित रकम हीरक जयन्ती अन्तर्गतका कार्यक्रममा न्यूनतम खर्च गरी बाँकी रकम विद्यालयको शैक्षिक गुणस्तर अभिवृद्धि एवं अत्यावश्यक पूर्वाधार निर्माणमा खर्च गर्ने लक्ष्य राखिएको संयोजक गुरुङले बताए। कार्यक्रममा झाँकी प्रदर्शन, विविध खेलकुद भलिबल/फुटबल/बास्केटबल, सांस्कृतिक कार्यक्रम, भूपू शिक्षक/विद्यार्थी पूनर्मिलन तथा सम्मान, चन्दादाता एवं विद्यालयमा अध्ययन गरी विभिन्न उच्च ओहोदामा पुग्न सफल व्यक्तित्वको सम्मान आदि समावेश गरिएको छ।

साथै ९ लाखमा स्मारिका प्रकाशन, हीरक स्तम्भ निर्माण लगायत कार्यक्रम पनि समावेश गरिएको प्रधानाध्यापक यामप्रसाद भण्डारीले जानकारी दिए। तत्कालीन समयमा विद्यालयको आवश्यकता महसुस गर्दै समाजसेवी स्व धीरबहादुर गुरुङको सक्रियतामा कक्षा ७ सम्म पठनपाठन गर्ने गरी मेश्रम बराह मिडिल स्कुल स्थापना गरिएको विद्यालय व्यवस्थापन समितिका अध्यक्ष एवं हीरक जयन्ती मूल आयोजक समितिका संयोजक लक्षिन गुरुङले बताए। उनका अनुसार २०३४ साल माघ १८ गतेदेखि कक्षा ८ सम्मको पठनपाठन थालेको विद्यालयले २०३५ साल पुस १६ गते कक्षा ८ र ९ को स्थायी स्वीकृति प्राप्त गरेको थियो।

विद्यालयले २०३६ पुस १८ गतेदेखि कक्षा १० को स्थायी स्वीकृति प्राप्त गरेको जानकारी दिँदै गुरुङले २०७४ साउनदेखि अस्थायी अनुमति लिएर कक्षा ११ र १२ को पठनपाठन सञ्चालन गरिएको बताए। हिमालको काखका साथै सडक सञ्जाल लगायतको अभावका कारण आसपासका क्षेत्रमा विद्यालय नहुँदा आव २०३५/३६ तिर वरपरका डाडसिङ, सावेद, भुक, लुम्ले, लान्द्रुक, काँडे, ल्वाङघलेलगायत स्थानबाट विद्यार्थीहरू यस विद्यालयमा पढ्न आउने गर्दथे। यस विद्यालयबाट हालसम्म करिब सात सय विद्यार्थीले एसएलसी उत्तीर्ण गरिसकेका प्रधानाध्यापक यामप्रसाद भण्डारीले जानकारी दिए। पछिल्लो समयमा गाउँबस्तीहरू खाली हुने क्रम बढिरहेको अवस्थामा पनि हाल यस विद्यालयमा तीन सय १० विद्यार्थी अध्ययनरत रहेको जानकारी दिँदै उहाँले कक्षा ११ र १२ मा व्यवस्थापन र शिक्षातर्फका विषय पठनपाठन भइरहेको बताए। स्वदेशी एवं विदेशी पर्यटकको आकर्षण रहेको घान्द्रुक अन्नपूर्ण आधार शिविरतर्फ जाने पदमार्गको सुरुआती गन्तव्यस्थल भएकाले आगामी दिनमा होटेल म्यानेजमेन्टको कक्षासमेत सञ्चालन गर्ने विद्यालयको सोच छ। हीरक जयन्तीलाई भव्यताका साथ सम्पन्न गर्न विभिन्न उपसमिति पनि गठन गरिएको छ। यसै सन्दर्भमा विद्यालयका अभिभावक, पूर्वविद्यार्थी तथा स्थानीय समाजसेवीसँग चन्दा सहयोग सङ्कलन सुरु गरिएको अर्थ सङ्कलन उपसमितिका संयोजक ललित गुरुङले बताए।

# फेकोफन पोखरा ३३ को अध्यक्षमा विजय

पोखरापत्र संवाददाता
पोखरा, २ फागुन




सामुदायिक वन उपभोक्ता महासंघ नेपाल पोखरा ३३ का वन समुहको भेलाले विजय आचार्यको नेतृत्वमा ७ सदस्य वडा कमिटि सर्वसम्मत चयन गरेको छ।

सो कमिटिको उपाध्यक्ष गंगाबहादुर पुन, सचिव कर्णकुमारी महत,कोषाध्यक्षमा पवित्रा सुनार र सदस्यहरुमा यज्ञ प्रसाद लामिछाने, निशा थापा र सम्वरबहादुर पौडेल रहनु भएको छ। पोखरा महानगरपालिका वडा नं. ३३ का अध्यक्ष रामचन्द्र अधिकारीले भेलाको उद्घाटन गर्दै विकास निर्माणमा वन ऐन तथा नियमावलीहरु बाधक बन्न नहुने बताउनुभयो।

सामुदायिक वनको विचमा रहेको वस्तिका जनतालाई बाटो निर्माण गर्न स्थानीय सरकारले बजेटको व्यवस्था बाटो खन्दा वन समुहका पदाधिकारीलाई कार्वाहीमा पर्ने अवस्थाको अन्त्य हुनु पर्नेमा उहाँको जोड थियो। प्राकृतिक श्रोतलाई विकास निर्माणसँगै स्थानीय जनताको जिविकोपार्जनको आधार बनाउनु पर्ने बताउँदै अध्यक्ष अधिकारीले वन समुहलाई वडा कार्यालयमा सुचिकृत हुन आग्रह गर्नुभयो।

सामुदायिक वन उपभोक्ता महासंघ नेपालका केन्द्रीय सदस्य हरि बाँस्तोलाले वन क्षेत्रमा काठ मात्र नभई अन्य आयआर्जनका सम्भावना खोज्नु पर्ने आवश्यकता औल्याउनुभयो। स्वदेशी काठ जंगलमा कुहिएर खेर जाने र विदेशी काठ आयात गर्ने परिपाटिको अन्त्य हुनु पर्नेमा उहाँको जोड थियो। वन महासंघ गण्डकी प्रदेशका अध्यक्ष कालिदास सुवेदीले वन पैदावार उपयोग गर्दा प्रकृया मिलाउन उपभोक्ताहरुलाई आग्रह गर्नुभयो।

समुहको वन कार्ययोजनाले दिएका अधिकार भित्र रहेर वन पैदावारको उपयोग गर्नुहोस अप्ठेरो पारेमा महासंघले सहयोग गर्ने उहाँको प्रतिवद्धता थियो। महासंघ कास्की अध्यक्ष विश्वनाथ लामिछानेले जिल्लामा ५० ९ वटा सामुदायिक वन समुह रहेको जानकारी दिदै आर्थिक पारदर्शिता र सुशासनालाई पहिलो प्राथमिकतामा राखेर काम गर्न आग्रह गर्नुभयो।

बाँदर लगायतका जंगली जनावरले दुःख दिएको, स्थानीय सरकारले वन क्षेत्रमा बाटो खन्दा उपभोक्ता कार्वाहीमा पर्ने, वन पैदावार उपयोगमा झन्झटीलो व्यवस्थाको कारण दुःखका साथ हुर्काएको जंगल अहिले आएर प्रयोग विहिन बन्दै गएको सहभागि उपभोक्ताको गुनासो थियो।

पोखरा वन महासंघका उपाध्यक्ष भरतराज आचार्यको अध्यक्षतामा भएको कार्यक्रम सचिव सिता सापकोटाले सञ्चालन गर्नुभएको थियो। सो वडामा ३१ सामुदायिक वन रहेका छन्।

# पशु विज्ञानमा विद्यार्थीको आकर्षण

पोखरापत्र संवाददाता
पोखरा, २ फागुन



कुनै समय विद्यार्थी भरिभराउ हुने बागलुङ सदरमुकाम नजिकै रहेको धौलागिरि वीरेन्द्र माध्यमिक विद्यालय एक दशकअघि विद्यार्थी अभावमा बन्द हुने अवस्थामा पुगेको थियो। निजी विद्यालयप्रतिको बढ्दो आकर्षणका कारण उक्त विद्यार्थी सङ्ख्या घटेपछि विद्यालयमा विसं २०७३ देखि प्राविधिक धारतर्फको अध्यापन सुरु गरियो।

प्राविधि धारतर्फ अध्यापन गराउन थालेपछि विद्यार्थीको सङ्ख्या पुनः उकालो लाग्न थालेको विद्यालय प्रशासनले जनाएको छ। अहिले टाढा-टाढाबाट पशु विज्ञान अध्ययनका लागि पढ्न आउनेको सङ्ख्यामा वृद्धि भएको विद्यालयका पशु विज्ञान संयोजक डा आशिष सापकोटाले बताउनुभयो। उहाँका अनुसार सामुदायिक विद्यालयमा सञ्चालित पशु विज्ञानको पढाइप्रति विद्यार्थीको आकर्षण बढ्नुका साथै निम्न वर्गीय परिवारबाट पनि प्राविधि शिक्षा अध्ययन गर्नेको सङ्ख्यामा वृद्धि भएको छ। विपन्न परिवारका छोराछोरीले प्राविधिक धारमा निःशुल्क अध्ययन गर्न पाउने भएपछि छिमेकी जिल्ला म्याग्दीसहित जिल्लाका दुर्गम पालिकाबाटसमेत विद्यार्थी आउन थालेका सापकोटाको भनाइ थियो। विसं २०७३ मा जिल्लामा पहिलो पटक प्राविधिक धारतर्फ पशु विज्ञानमा कक्षा ९ देखि १२ सम्म धौलागिरि वीरेन्द्र माविले अध्यापन थालेपछि अन्य सङ्कायमा पनि विद्यार्थी बढ्न थालेका उहाँले बताउनुभयो।

पहिलो वर्ष १६ जना विद्यार्थीबाट पशु विज्ञानको अध्यापन सुरु गरिएकामा हाल ७४ जना विद्यार्थीले अध्ययन गरिरहेका संयोजक सापकोटाले जानकारी दिनुभयो। "सबै परिवारका छोराछोरीले प्राविधिक विषय पढ्न सक्दैथ्ये। सरकारले सरकारी विद्यालयमा पशु विज्ञान अध्यापन गराउन थालेपछि जिल्लामा पहिलो पटक यहीँ विद्यालयले अनुमति पाएको थियो", उहाँले भन्नुभयो, "यहाँ म्याग्दीसहित जिल्लाका दुर्गम पालिकाका विद्यार्थी पनि आउने गरेका छन्। अङ्ग्रेजी माध्यममा पढाइ हुनथालेपछि निजी विद्यालय छोडेर यहाँ आउने सङ्ख्यामा वृद्धि भएको छ।" विद्यार्थी अभावमा झण्डै बन्द हुने अवस्थामा पुगेको विद्यालयमा कक्षा १ देखि १२ सम्म तीन सय ५० विद्यार्थी अध्ययन गर्दै आएका छन्। म्याग्दीमा पशु विज्ञानको पढाइ नहुने भन्दै आफूले उक्त विषय अध्ययन गर्न चाहेकाले बागलुङमा आएर पढ्न थालेको म्याग्दीको भकिम्ली निवासी कक्षा १२ मा अध्ययनरत सनम सुनारले बताउनुभयो। "पशु विज्ञान हाम्रो सम्भावना देखेर म्याग्दीबाट अध्ययन गर्नका लागि यहाँका आएको थिएँ", उहाँले भन्नुभयो, "प्राविधिक धारतर्फ रोजगारीको सुनिश्चितताका साथै स्वदेशमै सम्भावना हुन्छन्।"

बागलुङ नगरपालिका-३ रातामाटास्थित धौलागिरि वीरेन्द्र माविमा पशु विज्ञान अध्यापन सुरु भएसँगै प्राविधिक विषय पढ्न चाहनेलाई जिल्लाबाहिर जानुपर्ने बाध्यता अन्त्य भएको विद्यार्थी सचिन गौतमले जानकारी दिनुभयो। मुलुकमा रोजगारीको प्रशस्त सम्भावना हुनुका साथै दैनिकीमासमेत प्रयोगमा आउने भएकाले पशु विज्ञानमा आकर्षित भएको उहाँको भनाइ थियो। क्षमता भएर पनि प्राविधिक अध्ययन गर्न नसकेका विद्यार्थीलाई विद्यालयमा सञ्चालित पशु विज्ञान सङ्कालयले ठूलो राहत दिएको गौतमले बताउनुभयो।

विसं २०२१ मा स्थापना भएको विद्यालयमा कुनै समय एक हजार बढी विद्यार्थी हुने गर्दथे। विसं २०६८ मा कक्षा १ देखि १० सम्म ६८ जना विद्यार्थी थिए। समुदायको पहलमा पुनः विद्यालयलाई सुधार गर्न थालेपछि अहिले विद्यार्थी सङ्ख्या तीन सय ५० पुगेको छ।

"विसं २०६८ देखि विद्यालयमा अङ्ग्रेजी माध्यमबाट अध्यापन थालेका हौँ। विस्तारै प्रयोगशाला, कम्प्युटर कक्षासँगै प्राविधिक धारतर्फ पशु विज्ञान अध्यापन गराउन थालेपछि विद्यार्थीको सङ्ख्यामा वृद्धि भएको छ", विद्यालयका प्रधानाध्यापक भूमिराज गौतमले भन्नुभयो। उहाँका अनुसार कक्षा १ देखि १० सम्म अङ्ग्रेजी माध्यम, कक्षा ११ र १२ मा अङ्ग्रेजी र नेपाली दुवै माध्यममा अध्यापन गराउन थालिएको छ। जिल्लामा धौलागिरि वीरेन्द्र माविपछि ताराखोला गाउँपालिकाको नेपाल माध्यामिक विद्यालय र निसीखोला गाउँपालिकाको ज्ञानेन्द्र माध्यमिक विद्यालयमा पशु विज्ञानको पढाइ हुने थालेको छ।

# पिएन क्याम्पसमा सरस्वतीको मन्दिर शिलान्यास

पोखरापत्र संवाददाता
पोखरा, २ फागुन



पोखराकोबगरभिमकालिपाटनमा रहेको पृथ्वीनारायण क्याम्पसको परिसरमा क्याम्पस स्थापनाको ६४ वर्ष पछि सरस्वती मन्दिर निमार्ण गर्न शिलान्यास गरिएको छ।

उक्त मन्दिरको निर्माणको लागि बुधबार सरस्वती पूजाको अवसर पारेर शिलन्यास गरिएको हो। यहि आर्थिक वर्ष भित्र सम्पन्न हुने गरि कलात्मक शैलिमा निर्माण हुन लागेको मन्दिरको ४३ लाख रुपैँया लागतमा निर्माण हुनेछ। सो मन्दिरको निमार्णमा सहयोग गर्न नेपाल बैंक लिमिटेडले ५ लाख रुपैँया सहयोग गरेको छ। बैंकले सस्थागत सामाजिक उत्तरदाइत्वो अन्तर्गत नेपाल बैंकको प्रधान कार्यलय मार्फत बगर शाखाको समन्वयनमा उक्त रकम समेत सोहि समारोहमा हस्तान्तरण गरिएको छ। उक्त ५ लाख बराबरको चेक बैंकको तर्फबाट शाखा प्रबन्धक बिनोद सापकोटा,सहायक प्रबन्धक प्रदिप पौडेलले क्याम्पसका सहायक क्याम्पस प्रमुख मिनराज लम्साल र गजेन्द्र प्रसाद च्वाई,चन्द्रमणि आचार्य,विद्यार्थी मुल्याङ्कन प्रमुख बोधराज ढकाल,आर्थिक सह-नियन्त्रक पुष्पराज पौडेललाई संयुक्त रुपमा हस्तान्तरण गरेका हुन्।

सहायक क्याम्पस प्रमुख मिनराज लम्सालले क्याम्पस र बैंक बिच आगामि दिनहरुमा पनि सहकार्य हुने बताए। शाखा प्रबन्धक बिनोद सापकोटाले बैंकको सामाजिक उत्तरदाइत्वो अन्तर्गत सहयोग गरिएको जनाए।

# सरस्वतीको पूजा आराधना गर्दै पोखरामा मनाइयो बसन्त पञ्चमी पर्व

पोखरापत्र संवाददाता
पोखरा, २ फागुन




वसन्त पञ्चमी (श्रीपञ्चमी) पर्वको अवसरमा बिद्याकी खानी सरस्वती माताको पूजा आराधना गर्दै पोखरा क्षेत्रमा पनि बसन्त पञ्चमी पर्व मनाइएको छ। सरस्वती मन्दिरहरुमा पुजा गर्नको लागि बुधबार बिहानै देखि बिद्यार्थीहरुको भिडभाड भएको थियो।

पोखरा क्षेत्रका सरस्वती मन्दिरहरुमा पूजा गर्न प्राय गरी बिद्यार्थीहरुको बढी भिडभाड भएको थियो। यसैबिच बिभिन्न बिद्यालयहरुले यस पर्वलाई बिद्यालयमै मनाएका छन्।

यसैबिच, माउन्ट अन्नपूर्ण मा.वि. भि सि मार्ग नदीपुरमा सरस्वतीको विधिवत पूजा अर्चना गरी बाल बालिकाहरुलाई अक्षरारम्भ गराइएको छ। उक्त कार्यक्रममा आजको शिक्षा प्रणाली बालमनोविज्ञानमा आधारित हुनुपर्ने विषयमा दुई मत नभएको भन्दै विद्यालयले बालमनोविज्ञानमा आधारित आधुनिक शिक्षा प्रणालीमा विशेष जोड दिइरहेको बिचार विद्यालयका प्राचार्य सइन्द्र श्रेष्ठले राख्नुभयो।

विद्यालय सञ्चालक समितिका अध्यक्ष एस. पि. प्रधानाङ्ग, पूर्व अध्यक्ष चिजकाजी गुरुङ, शैक्षिक निर्देशक अशोक श्रेष्ठ, प्रशासक चित्र गुरुङ आदिले पनि कार्यक्रममा सहभागिता जनाउनुभएको थियो। विद्यालयका शिक्षक, कर्मचारी, अभिभावक साथै स्थानीय व्यक्तित्वको पनि बाक्लो उपस्थितिमा पूजा आरधना सम्पन्न गरिएको थियो। पूजामा विद्यालयका प्रमुख लेखापाल नवराज पौडेलले कर्ताको रूपमा बसी पूजा अर्चना पछि विद्यार्थी भाइबहिनीलाई टीका, प्रसाद प्रदान गर्नुभएको थियो।

# ट्र्याक खुलेको २९ वर्षपछि अस्फाल्ट प्रविधिबाट कालोपत्र

पोखरापत्र संवाददाता
दमौली, २ फागुन

गण्डकी प्रदेश सरकारले गौरव आयोजनाका रुपमा सूचीकृत गरेको मानपुर-डेडगाउँ-बुलिङटार सडक कालोपत्रको तयारी गरिएको छ। मुस्ताङको कोरोलादेखि नवलपुरको त्रिवेणी जोड्ने छोटो दूरीको उक्त सडकअन्तर्गत तनहुँ खण्डमा पहिलो चरणमा कालोपत्रको तयारी गरिएको हो।

ट्र्याक खुलेको २९ वर्षपछि यो खण्डमा कालोपत्र हुन लागेको हो। पूर्वाधार विकास कार्यालय तनहुँले यही फागुन ७ गतेदेखि अस्फाल्ट प्रविधिबाट तनहुँ खण्डमा कालोपत्र गर्न लागेको कार्यालय प्रमुख कृष्ण आचार्यले जानकारी दिनुभयो। उहाँका अनुसार उक्त खण्डमा फागुन ७ गतेदेखि २२ गतेसम्म सडक बन्द गरी कालोपत्र गर्न लागिएको हो।

"तनहुँको घिरिङ गाउँपालिकास्थित मानपुरदेखि डेडगाउँसम्म सडक कालोपत्रका लागि बेस राख्ने काम भएको छ।", आचार्यले भन्नुभयो, "उक्त अवधिमा सडक बन्द गरी काम हुनेछ।" यो खण्ड भई सञ्चालन हुने सवारी साधनलाई वैकल्पिक सडक प्रयोग गर्न उहाँले आग्रह गर्नुभयो। विसं २०५१ मा ट्र्याक खुलेको उक्त मार्ग कालोपत्र हुने भएपछि स्थानीयवासी खुसी भएका छन्। उक्त खण्ड स्तरोन्नतिका लागि विसं २०७७ मङ्सिर ५ गतेदेखि काम सुरु भएको थियो। भौतिक पूर्वाधार विकास मन्त्रालयमार्फत रु २२ करोड ८५ लाख ४१ हजार सात सय ९३ को लागतमा उक्त मार्ग कालोपत्र हुन लागेको आचार्यले जानकारी दिनुभयो।

रु ३५ करोड १४ लाख ७४ हजार एक सय नौ लागत अनुमान गरिएकामा हेटौँडास्थित सपना निर्माण सेवाले रु १२ करोड २९ लाख ३२ हजार तीन सय १६ कम रकममा सडक कालापत्रको ठेक्का पाएको थियो। सडक कालोपत्रको सम्झौता विसं २०७६ फागुन ७ गते भएको थियो। त्यसलगत्तै नेपालमा कोरोनाको महामारीले गर्दा भएको लकडाउनको असरका कारण काम सुरु हुन सकेको थिएन। तनहुँको घिरिङ-४ मानपुरबाट सुरु भएर डेढगाउँको सिमानासम्मको एघार किलोमिटर खण्डमा सडक कालोपत्र हुने पूर्वाधार विकास कार्यालयले जनाएको छ। उक्त सडकको चौडाइ सात मिटर रहनेछ भने साढे पाँच मिटरको कालोपत्र र सडकमा एक मिटरको नाला निर्माण हुनेछ।

गण्डकी प्रदेशका पूर्वअर्थमन्त्री किरण गुरुङले हिमाल र तराईलाई जोड्ने गरी प्रदेश सरकारले गौरवको आयोजनाका रुपमा उक्त खण्डलाई सूचीकृत गरेको बताउनुभयो। उहाँले भन्नुभयो, "भारत र चीनलाई जोड्ने सबैभन्दा छोटो दूरीको यस बाटो कालोपत्र भएपछि यस क्षेत्रको समृद्धिको ढोका खुल्छ।"